# कृषि विकास कार्यान्वयनको लागि विभिन्न समितिहरुको गठन

## १. पृष्ठभूमि (Background)

देशको कूल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान गर्ने र करिब दुई तिहाई जनसंख्याको रोजगारी, जिविकोपार्जन र आम्दानीको मुख्यश्रोत, खाद्यसुरक्षाको आधार स्तम्भ र गरीबी निवारणको प्रमुख क्षेत्रको रूपमा रहेको कृषि क्षेत्रको भूमिका नेपालको राष्ट्रिय अर्थतन्त्रमा अत्यन्तै महत्वपूर्ण रहेको छ । सन् २०२२ सम्म नेपाललाई अतिकम विकसित देशको दर्जाबाट विकासोन्मुख देशमा स्तरोन्नति गर्ने लक्ष्य हासिल गर्न उच्च, दिगो एवम् समाबेशी आर्थिक बृद्धि आवश्यक पर्ने र सो आर्थिक बृद्धि हासिल गर्न अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रको आधुनीकिकरण, व्यवसायिकरण, औद्योगिकरण र विविधिकरण गर्नु पर्ने अनिवार्य देखिन्छ ।

कृषि बागमती प्रदेशको मुख्य आर्थिक आधार र यस प्रदेशका जनताको मुख्य पेशा र जीवन निर्वाहको मुख्य श्रोत पनि हो । नेपालको कृषि (कृषि र पशुसमेत) उत्पादनमा यस प्रदेशको योगदान करिब १६% देखिन्छ। यस प्रदेशको भूगोल जसमा हिमाली, पहाडी र भित्री मधेश क्षेत्र रहेको छ । यस भूगोलले धेरै प्रकारका कृषि बस्तुको उत्पादनका निम्ती प्राकृतिक आधार प्रदान गरेको छ । यस प्रदेशमा तरकारी, फलफूल, दुध, अण्डा, माछा, मासु, जडिबुटी, खाद्यान्न, च्याउ, मह तथा नगदे बाली उत्पादनको प्रचुर संभावना छ । प्राकृतिक सौन्दर्य, विशिष्ट संस्कृति, स्थानीय तथा रैथाने वालीको प्रचुरता आदिको कारणले यस प्रदेशमा कृषि-वन पर्यटनको उल्लेख्य संभावना छ। खाद्यान्न न्यून रहेका कारण यस प्रदेशमा प्रति इकाई जमिन र कृषि श्रमिकको उत्पादकत्व वृद्धि मार्फत खाद्य स्वाधिनता हासिल गर्नु आवश्यक छ। कृषिमा यतिको सम्भावना हुँदाहुँदै अझ पनि यस प्रदेशका कतिपय जिल्लाहरू खाद्यान्नमा आत्मनिर्भर हुनसकेका छैनन् । कृषि उत्पादन सामाग्रीको अपर्याप्त उपलब्धता (आपूर्ति), खेती योग्य जमिनमा पर्याप्त सिंचाई सुबिधा पुऱ्याउन नसक्नु, पूर्बाधार विकासको न्यून अवस्था, आर्थिक रूपले सकृय उमेर समूहको जनशक्ति दिनानुदिन पलायन हुने अवस्था, अव्यवस्थित तरिकाबाट बढदै गएको नवीन विकासको प्रकोप तथा जलवायु परिवर्तनका कारण श्रृजित समस्याहरूले गर्दा यस प्रदेशको कृषि क्षेत्रमा आशातित उपलब्धी हासिल गर्न चुनौतीपूर्ण रहेको तथ्य सर्वबिदितै छ ।

यिनै समस्याहरूको समाधान गर्दै दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan, 1995 - 2015) को समापन पश्चात् कृषि क्षेत्रको विकासलाई दिशानिर्देश एवम् मार्गदर्शन गर्न नेपाल सरकारले २० बर्षे (सन् २०१५ देखि २०३५ सम्म) कृषि विकास रणनीति-एडिएस (Agriculture Development Strategy) २०७२ साल श्रावण १० गते स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यो रणनीतिले आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तर माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी एवम् समाबेशी कृषि क्षेत्रको परिकल्पना गरेको छ भने सुशासन, उच्च उत्पादकत्व, नाफामुखी व्यवसायीकरण र प्रतिस्पर्धात्मकता वृद्धि यस रणनीतिका चारवटा सम्भागहरू छन् । यो रणनीतिले नेपालको कृषि क्षेत्रको बिद्यमान समस्या, चुनौतीको बिश्लेषण गरी अबको २० बर्षमा गरिने कार्यक्रमहरू, कार्यक्रम कार्यान्वयन प्रकृया र बिधिहरू, अनुगमन, मूल्यांकन आदि कामहरुको समीक्षामा आधारित रहेर 10 वर्षे कार्ययोजना र मार्गचित्र जारी गरेको छ । तर हाल यसको कार्यान्वयन अत्यन्तै कठिन हुने सम्भावना देखिन्छ र अन्य कारणहरूको अलावा यसका दुई वटा प्रमुख कारणहरू छन् (१) नेपालको संविधान २०७२ लागु भए पश्चात् नेपालको

प्रशासनिक संरचनामा आमूल परिवर्तन भइ देश संघीय प्रशासनिक संरचना गएको र (२) कृषि विकासका लागि अत्यावश्यक र नभई नहुने सरकारी, गैरसरकारी तथा अन्य निकायहरू बीचमा हुनु पर्ने समन्वयको कमि अथवा अभाव पनि एउटा ठूलो समस्याको रूपमा महसुस गरीएको छ ।

## २. औचित्य (Justification):

कृषि क्षेत्र विभिन्न निकायहरू बीच फैलिएको र धैरै सरोकारवालाहरू समावेश भएको क्षेत्र हो । कषि विकासको कार्य सफल हुनलाई धैरै मन्त्रालयहरू, निकायहरू र कार्यालयहरूले प्रभावित गरीराखेको हुन्छ र यिनीहरूको सहयोग र समन्वय बिना कृषि विकासले गति लिन नसक्ने र पूर्ण सफल पनि नहुने कुरा बिगतका अनुभवले देखाई सकेको छ । यस क्षेत्रलाई विगतमा गरिएका समीक्षा र मूल्यांकनले केही कार्यान्वयन व्यबधानहरू (नीतिगत स्थिरताको अभाव, कमजोर समन्वय, एकिकृत योजनाको अभाव, कमजोर कार्यान्वयन आदि) देखाएको छ ।बाह्य रूपमा कृषि क्षेत्रलाई राष्ट्रिय/अन्तराष्ट्रिय सन्दर्भहरू, बैदशिक अनुदान तथा लगानी, भारत तथा अन्य देशको संरक्षित कृषि क्षेत्र एवम् मौसमी तथा अन्य जोखिमले प्रभावित गर्दछ । त्यसकारण कृषि क्षेत्रको सम्पूर्ण र अपेक्षित विकास संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा प्रदेश स्तरीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यिनीहरू अन्तर्गतका कार्यालयहरूको एकल प्रयासबाट सम्भव छैन। कृषि क्षेत्रको विकासका लागि कृषि मन्त्रालय र यस अन्तरगत रहेका निकायहरूका साथै भूमि संगको निकायहरू, बैक तथा सहकारी संगै वित्तीय संस्थाहरू, सिंचाइ र उर्जा, वन तथा बातावरण, उद्योग बाणिज्य, बीमाका निकायहरू, सडक र पूर्बाधार एवम् शैक्षिक संस्थाहरू संगको समन्वय अत्यन्तै आवश्यक रहेको कुरा दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan) को असफलताबाट प्रष्ट हुन्छ । किनकी दीर्घकालीन कृषि योजना असफल हुनुका कारणहरू मध्ये प्रमुख कारण यिनै कृषि संग सम्बन्धित निकायहरू बीचमा समन्वय नहुनु रहेको तथ्य अध्ययनहरूले देखाएको छ । कृषि क्षेत्रको सुधार एवम् विकास कृषि मन्त्रालय र यस अन्तर्गतका कार्यालयहरूको मात्र नभएर समग्र राज्य प्रणालीको सरोकारको विषय हो र हुनु पनि पर्दछ ।

कृषि विकासको कार्य केन्द्रमा कृषि मन्त्रालयहरू (संघ र प्रदेश) र यी अन्तर्गतका कार्यालयहरूबाट संचालित कार्यक्रमहरू मात्रको एकल प्रयासले सम्भब छैन किनकी कृषिको लागि मल, उन्नत बीउ, नश्ल, बजार, मेशिनरी, आधुनिक प्रबिधि र कृषि प्राबिधिक आदिको साथसाथै सिंचाइ, सडक, कृषि ऋण, कृषि जन्य उद्योग, बाणिज्य, वन र बातावरण पनि त्यतिकै महत्वपूर्ण र जरूरी छ । जसको अभाव वा कमी भएमा कृषि विकासको सम्भावना न्यून हुन जान्छ । त्यसकारण कृषि मन्त्रालय र यस मातहतका निकायहरूले संचालन गर्ने आ-आफ्नो कार्यक्रमहरू मार्फत कृषि विकासको अभियानलाई नेतृत्व गर्ने र कृषि विकासको कार्यलाई अतिआवश्यक हुने सिंचाइ, कृषि सडक, कृषि ऋण, उद्योग, बाणिज्य, वन तथा वातावरण आदि सबै निकायहरूले आ-आफ्नो कार्यक्रम मार्फत कृषि विकासको कार्यमा सहयोग र समन्वय गरी राख्नु पर्दछ किनकी यिनीहरूको सहयोग र समन्वय विना बिगतको जस्तै कृषि विकास आशा वा अपेक्षा गरे अनुसार नहुन सक्छन् ।

यिनै तथ्य तथा बिगतका अनुभवहरूको आधारमा प्रदेश स्तरमा एउटा यस्तो संयन्त्र अथवा निकायको आवश्यकता महसुस भएको/गरिएको छ जसले कृषि विकासको अभियान कार्यमा आवश्यक हुने सबै सरकारी तथा निजी क्षेत्रका निकायहरू बीच सुमधुर सम्बन्ध र समन्वय कायम गरी कार्यक्रम कार्यान्वयन, यसको अनुगमन र मूल्यांकन, एवम् कार्यक्रम कार्यान्वयनमा देखिएका/आईपरेका

समस्याहरूको समाधान गर्दै कृषि विकासलाई गति दिन सकोस् । यो संयन्त्र वा समितिको निर्माण भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मात्रले निर्णय गरी बनाएमा कतिपय निकायहरूले यस संरचना वा समितिलाई त्यति महत्व नदिने पनि सम्भावना रहेको कुरा बिगतका अनुभवले देखाई सकेको हुनाले यस्तो समितिहरुको निर्माण उच्चस्तरीय निर्णयबाट भयो भने प्रभावकारी हुने, सबैलाई मान्य पनि हुने र यी संयन्त्रहरु गठनको उद्देश्य पनि प्राप्त हुने भएकोले यस्ता संयन्त्रहरु गठन जरूरी रहेको देखिन्छ ।

## ३. उद्देश्य (Objectives):

बागमती प्रदेशको सर्बांगिण आर्थिक विकासको लागि सबैभन्दा महत्वपूर्ण रहेको कृषि क्षेत्रको विकास भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको एकल प्रयासले सम्भव नभएको सत्यलाई सबैले महसुस गरिसकेको छ। यस मन्त्रालयको कृषि विकासको अभियानमा कृषि मन्त्रालयको साथसाथै मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग लगायत सिंचाइ, कृषि सडक, उद्योग बाणिज्य, वित्तीय संस्थाहरू आदि सबैको कार्यालयहरू र निकायहरूको सहयोग र समन्वय अत्यन्तै आवश्यक रहेको हुनाले यो प्रदेश स्तरीय कृषि विकास समन्वय समिति तथा प्रदेश स्तरीय कृषि विकास कार्यान्वयन समिति गठन गर्न लागिएको हो । समितिहरुको मुख्य उद्देश्य निम्नानुसार हुनेछः

- कृषि विकास कार्यक्रमको लागि आवश्यक हुने निकायहरू (अर्थ, सिंचाइ, कृषि सडक र अन्य पूर्बाधारहरू, कृषि ऋण, उद्योग र बाणिज्य, वन तथा वातावरण आदि) बीचमा समन्वय कायम गर्ने र आपसी सहयोग र समन्वयको आधारमा कार्यक्रम संचालन गर्ने ।
- कृषि विकासको कार्यक्रम कार्यान्वयनमा देखिएका/आईपरेका समस्याहरू (समन्वय लगायत अन्य) समाधान गर्दै प्रदेशको कृषि विकासको अभियानलाई सफल बनाउने,
- कृषि विकास कार्यक्रमको समय समयमा अनुगमन मूल्यांकन गरी त्रूटि र गल्तीहरू सच्याउँदै कृषि विकासका लक्ष्य र अपेक्षित उपलब्धी प्राप्त गरी यो प्रदेशलाई समुन्नत र समृध्द प्रदेश बनाउने ।

एडिएस निर्माण हुँदा एकात्मक शासन प्रणाली रहेको र हाल संघीय शासन प्रणाली स्थापना भएको सन्दर्भमा तीन तहको सरकारमा कृषि विकासको कार्यान्वयनमा सुधार ल्याउनको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशले केही नयाँ संयन्त्रहरु  र त्यस संयन्त्रहरुको काम, कर्तव्य र अधिकारको प्रस्ताव गरेको छ ।

## 4. प्रादेशिक कृषि विकास समन्वय समिति [Provincial Agricultural Development Coordination Committee (PADCC)]

प्रदेशको कृषि विकासलाई अभियानको रूपमा अगाडि बढाउन कृषि विकासको लागि अति आवश्यक र नभई नहुने सहयोगी निकायहरू तथा World Bank, ADB, JICA, USAID आदि लगायतका दातृ संघ संस्थाहरु बीच समन्वय कायम गरी समन्वयात्मक रूपमा कार्यक्रमहरू संचालन गर्न यो प्रदेश स्तरीय कृषि विकास समन्वय समितिको गठन गरिएको छ । यस समितिको संरचना, काम, कर्तव्य र अधिकार तथा बैठक निम्नानुसार हुनेछ ।

### 4.1. संरचना

| क्र.सं. | पद | संस्था |
|---|---|---|
| १ | अध्यक्ष | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| २ | सदस्य | प्रतिनिधी,  प्रदेश नीति तथा योजना आयोग |
| 3 | सदस्य | प्रतिनिधी, जिल्ला समन्वय समिति (प्रदेश राजधानी रहेको जिल्ला ) |
| 4 | सदस्य | प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय |
| 5 | सदस्य | प्रतिनिधी, हेटौडा उपमहानगरपालिका |
| 6 | सदस्य | प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| 7 | सदस्य | प्रतिनिधी, आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| 8 | सदस्य | प्रतिनिधी, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय |
| 9 | सदस्य | प्रतिनिधी, सामाजिक विकास मन्त्रालय |
| १0 | सदस्य | प्रतिनिधी, भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ११ | सदस्य | प्रतिनिधी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय |
| १2 | सदस्य | प्रतिनिधी, प्रादेशिक उद्योग वाणिज्य संघ |
| १3 | सदस्य | प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद् |
| १4 | सदस्य | प्रतिनिधी, कृषि शिक्षण संस्था |
| 15 | सदस्य | प्रतिनिधी, जिल्ला सहकारी संघ, मकवानपुर |
| 16 | सदस्य | प्रतिनिधी, कृषि व्यवसाय संघ |
| 17 | सदस्य | प्रतिनिधी, कृषि विकास वैंक |
| १8 | | Development Partners (World Bank, ADB, IFAD, JICA DANIDA, WFP, USAID, DFID, AusAID, UNWomen आदि) |
| 19 | | एडिएस विज्ञ |
| २0 | सदस्य-सचिव | प्रमुख, योजना तथा अनुगमन महाशाखा (प्रादेशिक एडिएस कार्यान्वयन सहयोग इकाईका संयोजक), भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| २1 | | आमन्त्रित (बढीमा 5 जना) |

## 4.2. समितिको काम, कर्तव्य र अधिकार

- कृषि र सिँचाइ बीच समन्वय (खासगरी प्रदेशको सिँचाइ हेर्ने मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बीच समन्वयका साथै केन्द्रीय सिँचाइ संग पनि समन्वय) गर्ने।
- प्रदेश सरकारका कृषि विकाससंग सम्बद्व अति महत्वपूर्ण निकायहरू (आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भौतिक पूर्बाधार मन्त्रालय, कृषि सडक, उद्योग र बाणिज्य हर्ने कार्यालय आदि) बीच सुमधुर सम्बन्ध र समन्वय अभिवृद्धि गर्ने ।
- जिल्ला समन्वय समितिहरू मार्फत स्थानीय तहहरू संग सुमधुर सम्बन्ध र समन्वय कायम गरी कार्यक्रम संचालन गर्ने ।
- प्रदेश स्तरीय सरकारी क्षेत्र, निजी क्षेत्र (प्रादेशिक उद्योग बाणिज्य संघ, कृषि जन्य उद्योग र अन्य साना तथा मझौला उद्योग), सहकारी र किसानका संघसंस्थाहरू बीच समन्वय गर्ने।
- सरकारी क्षेत्र र राष्ट्रिय/अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरू बीच समन्वय गर्ने ।
- कृषि अनुसन्धान, कृषि प्रसार र कृषि शिक्षा (शैक्षिक संस्थाहरू) बीच समन्वय अभिवृद्भि गरी सहकार्यमा कार्यक्रम संचालनको वातावरण कायम गर्ने ।
- प्रदेश स्तरको कृषि विकास र खाद्य तथा पोषण सुरक्षा (भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या हेर्ने सामाजिक विकास मन्त्रालय) बीच समन्वय अभिवृद्भि गर्ने।
- सम्बन्धित सबै जिम्मेबार संस्थाहरूमा नीतिगत, प्रशासनिक एवम् कानूनी परिवर्तनहरूलाई प्रवर्द्धन गरी कृषि विकास र यसलाई आगामी सन् २०३५ सम्म दिशानिर्देश गर्ने कृषि विकास रणनीतिको कार्यान्वयन सुनिश्चित गर्ने ।
- भूमि व्यवस्था, अन्तर्गत कृषि तथा सहकारी मन्त्रालय र कार्यालयहरूबाट संचालन गरिएका कार्यक्रमहरू, कृषि विकासका लागि यस प्रदेशमा संचालनमा रहेका संघीय सरकारका कार्यलयहरूका साथै कृषि विकासका लागि सहयोगी निकायहरू (सिँचाइ, सडक, वन तथा वातावरण आदि) को कार्यक्रमको समेत समीक्षा गर्ने र निर्देशन दिने।
- प्रदेश स्तरका सम्बन्धित कार्यालय र निकायहरू बीच समन्वय बृद्धि गरी कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्ने ।
- दातृ निकायहरुबाट संचालित (प्रदेश र स्थानीय तहस्तर) कार्यक्रमहरुको अनुगमन, निरीक्षण तथा सहजीकरण गर्ने/गराउने
- कृषि विकास कार्यान्वयनमा सहायता उपलब्ध गराउने प्राविधिक सहयोगका लागि आयोजना निर्देशन समिति (Project Steering Committee) का रुपमा काम गर्ने ।
- सबै स्थानीय तहमा कृषि विकास सम्पर्क व्यक्ति राख्ने ।
- आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तहमा कृषि विकास/एडिएस समन्वय तथा कार्यान्वयनको लागि समिति(हरु) खोल्न सक्ने ।

### 4.3. समितिको बैठक बस्नेः

- यो समितिको मुख्य काम कृषि र यससंग सम्बद्व निकायहरू बीच समन्वय अभिवृद्भि गर्नुका साथै यिनीहरूले कार्यान्वयन गरेका काम र कार्यक्रमहरूको अनुगमन, मूल्यांकन र समीक्षा गरी अपेक्षित प्रतिफल प्राप्तिमा सहयोग गर्नेछ ।
- समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक (बर्षको ३ पटक) बस्नेछ ।

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको योजना महाशाखाका प्रमुखको संयोजकत्वमा रहेको एडिएस कार्यान्वयन सहयोग इकाईले यस समितिको सचिवालयको काम गर्नेछ।

## 5. प्रादेशिक कृषि विकास कार्यान्वयन समिति [Provincial Agriculture Development Implementation Committee (PADIC)]

प्रदेशको कृषि विकासलाई अभियानको रूपमा अगाडि बढाउन कृषि विकासको लागि अति आवश्यक र नभई नहुने निकायहरूमा कार्यक्रमहरू संचालन गर्न यो प्रदेश स्तरीय कृषि विकास कार्यान्वयन समिति (PADIC) गठन गरिएको छ । यस समितिको संरचना, काम, कर्तव्य र अधिकार तथा बैठक निम्नानुसार हुनेछ ।

### 5.1. संरचना

| क्र.सं. | पद | संस्था |
|---|---|---|
| १ | अध्यक्ष | प्रमुख, कृषि विकास निर्देशनालय |
| २ | सदस्य | प्रतिनिधी, प्रदेश नीति तथा योजना आयोग |
| ३ | सदस्य | प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय |
| ४ | सदस्य | प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ५ | सदस्य | प्रतिनिधी, आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ६ | सदस्य | प्रतिनिधी, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय |
| ७ | सदस्य | प्रतिनिधी, सामाजिक विकास मन्त्रालय |
| ८ | सदस्य | प्रतिनिधी, भौतिक पूर्वाधार विकास मन्त्रालय |
| 9 | सदस्य | प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय |
| 10 | सदस्य | प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन, सहयोग तथा तालिम केन्द्र |
| 11 | सदस्य | प्रमुख, पशु सेवा तालिम केन्द्र |
| १2 | सदस्य | प्रतिनिधी, प्रादेशिक उद्योग वाणिज्य संघ |
| १3 | सदस्य | प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद् |
| १4 | सदस्य | प्रतिनिधी, कृषि शिक्षण संस्था |
| १5 | सदस्य | प्रतिनिधी, जिल्ला सहकारी संघ, मकवानपुर |
| १6 | सदस्य | प्रतिनिधी, कृषि व्यवसाय संघ |
| १7 | सदस्य | प्रतिनिधी, कृषक |
| १8 | | Development Partners (World Bank, ADB, IFAD, JICA DANIDA, WFP, USAID, DFID, AusAID, UNWomen आदि) |
| 19 | | एडिएस विज्ञ |
| 20 | सदस्य-सचिव | प्रमुख, योजना, कार्यक्रम तथा अनुगमन शाखा, कृषि विकास निर्देशनालय |

| | | |
|---|---|---|
| २1 | | आमन्त्रित (बढीमा 5 जना) |

## 5.2. समितिको काम, कर्तव्य र अधिकार

- आन्तरिक (सार्वजनिक र निजी) र बाह्य दुवै श्रोतहरुबाट श्रोत परिचालन भएको सुनिश्चित गर्ने।
- सम्बद्ध सन्त्रालय र सरोकारबालाहरुलाई कृषि विकासका कार्यक्रमहरु र आयोजनाहरु स्थानीय तह देखि प्रदेश तहसम्म कार्यान्वयन गराउनमा सहजीकरणका लागि मार्गनिर्देशन गर्ने ।
- प्रादेशिक कृषि विकास समन्वय समिति र प्रदेश नीति तथा योजना आयोगको संलग्नतामा कृषिको आवधिक मूल्यांकन गर्ने र सुझावहरुको समायोजना गर्ने ।
- भविष्यमा आवश्यकता अनुसार कृषिका कार्यक्रमहरुलाई संस्थागत संरचनाहरुमा समायोजना गर्ने।
- आवश्यकता अनुसार प्रादेशिक कृषि विकास समन्वय समितिलाई सहयोग गर्ने ।
- समितिले एडिएस योजना तर्जुमा टोलीलाई योजना तर्जुमाको लागि आवश्यकता अनुसार सवै सरोकारहरुलाई सहयोग गर्न निर्देशन गर्ने ।
- कृषि विकासको प्रयोजनको लागि संघीय सरकारबाट प्राप्त आर्थिक सहयोगको साथै प्रदेश सरकारको बिनियोजित बजेटबाट संचालित आयोजना र कार्यक्रमको अनुगमन, मूल्यांकन र समीक्षा गरी सम्बन्धित कार्यान्वयन गर्ने कार्यालय वा निकायहरूलाई निर्देशन दिने ।
- दातृ निकायको सहयोग साथै दातृ निकायबाट जिल्ला-जिल्लामा संचालित कार्यक्रमहरुको अनुगमन, निरीक्षण, दोहोरोपना हटाउन समन्वय गर्ने आदि ।
- प्रदेश तहमा एडिएस डेस्क यूनिट स्थापना गर्ने ।

## 5.3. समितिको बैठक बस्नेः

- प्रादेशिक कृषि विकास कार्यान्वयन समिति (PADIC) को बैठक चौमासिक रुपमा (वर्षमा 3 पटक) बस्नेछ।
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको योजना महाशाखाका प्रमुखको संयोजकत्वमा रहेको एडिएस कार्यान्वयन सहयोग इकाईले यस समितिको सचिवालयको काम गर्नेछ ।

*(उक्त समितिहरु भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशका माननीय मन्त्री दावा दोर्जे लामाज्यूबाट २०७७ भाद्र ३० गते (सेप्टम्बर १५, २०२०) स्वीकृत)*